# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र ५ गते २०१३ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २१

स्वास्थ्यमन्त्रालय-अन्तर्गत स्वास्थ्य सेवा, (हेल्थ सर्भिसेज) आयुर्वेदीय विभाग अन्तर्गत श्री महेन्द्र आयुर्वेदीय औषधालय सिराहा र मिरचैया बजारलाई २ दुइ जना हाकिम वैद्यहरू चाहिएका छन । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी २०१४ साल वैशाख ३१ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १। वा त्यतिको नेपाली टिकट सहित दरखास्त पठाउनु होला । फी दस्तुर नभएको दरखास्तउपर विचार हुनेछैन । दरखास्त फारमको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोश्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छः—

१. पदः– हाकिम वैद्य, स्थायी तथा पेन्सन पाइने ।

२. अवश्यक न्यूनतम योग्यताः– आयुर्वेदमा मध्यमा वा सो सरहको पास भएको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८९

३. शैक्षिक योग्यता:— शास्त्री, आचार्य वा सो सरह र सरकारी छात्रवृत्ति-बाट पढी पास भएको ।

४. मासिक तलब र भत्ता:— तलब कं. रु. ५०। महंगी भत्ता कं. रु. १०।.

५. काम:— ठेकिएका औषधालयमा रोगीको चिकित्सा गर्ने परिआएको काम गर्नु पर्ने ।

आज्ञाले—
खड्गमान मल्ल एम्.ए.
पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल ।

गोरखापत्र छापाखानामा मुद्रित, मेनेजर प्रेमराज शर्मा।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२